बैठक नं: ४६ मिति :२०७५।०६।०७

| क्र सं | बैठकका प्रस्ताव | बैठकको संक्षिपत विवरण | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो बैठकका निर्णय कार्यान्वयन भएनभएको समिक्षा सम्बन्धमा | विगतमा गरेका निर्णयहरु व्यापक रुपमा कार्यान्वयन गर्ने र निरन्तरता दिने निर्णय गरियो । | |
| २ | गाउँपालिका,वड र विषयगत कार्यालयका कर्मचारीहरुको कार्यविभाजन सम्बन्धमा | गाउँपालिका,वड र विषयगत कार्यालयका कर्मचारीहरुको जिम्मेवारी तपशिल अनुसार तोक्ने निर्णय गरियो ।<br>• प्रशासन ईकाइ  खिम प्रकाश शाह<br>• योजना अनुगमन सहकारी  ईकाइ मिनाराम केसी<br>• राजस्व,पञ्जिकरण,वडा नं ९ धनविर केसी<br>• कृषि शाखा लालबहादुर भण्डारी<br>• पशु शाखा प्रेम पुन<br>• स्वास्थ्य शाखा लोकेन्द्र बहादुर डाँगी अहेब पवित्रा खड्का को काज फिर्ता गर्ने । | |
| ३ | गार्मेन्ट उद्योग संचालन सम्बन्धमा | गार्मेन्ट उद्योग संचालन सम्बन्धी अध्ययन,अनुगमन,तथा परामर्श को लागि धर्म बहादुरको संयोजकत्वमा ४ सदस्यिय कार्यदल गठन गर्ने । तथा असोज २५ गते भित्र प्रतिवेदन तयार गरि कार्यपालिकामा बुझाउने निर्णय गरियो । | |
| ४ | एक वडा एक सडक मर्मत र सरसफाई सम्बन्धमा | आ व ०७५।७६ को वडाको बजेटबाट सबै वडाको सडक मर्मत र सरसफाई गर्ने निर्णय गरियो । | |
| ५ | वडामा विनियोजित कृषि बजेटबाट नमुना उत्पादन | वडामा विनियोजित कृषि बजेटबाट एक वडा एक नमुना उत्पादन कार्यक्रम गर्ने निर्णय | |

| | | | |
|---|---|---|---|
| | काम सम्बन्धमा | गरियो । | |
| ६ | प्रविधि युक्त शिक्षाको कार्य लाई प्रभावकारी र कानुन सम्मत गराउने सम्बन्धमा । | प्रविधि युक्त शिक्षाको लागि स्वयंसेवक,सहजकर्ता तथा विषय विज्ञको विज्ञापन गर्ने । | |
| ७ | विपद व्यवस्थापन समितिको बैठक र प्राकृतिक क्षतिको मूल्यांकण सम्बन्धमा | गाउँपालिका विपद व्यवुथापन समितिको बैठक असौज २० गते बसी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो । | |
| ८ | दररेट निर्धारण प्रस्ताव पास सम्बन्धमा । | अघिल्लो कार्यपालिका बैठकको निर्णयानुसार विकास निर्माण कार्यका लागि दररेट विश्लेशन निर्माण गरेकोले यस बैठकले पास गर्ने निर्णय गरियो । | |
| ९ | श्रम सहकारी गठन र दर्ता प्रकृया सम्बन्धमा । | श्रम सहकारी गठन र दर्ता प्रकृया लगाएत अन्य आवश्यक कार्यका लागि ना सु मिनाराम केसी लाई जिम्मा दिइयो । | |
| १० | गत आर्थिक वर्ष ०७४।७५ को योजनाको धरौटी रकम र फरफारक रकम फिर्ता सम्बन्धमा । | आर्थिक वर्ष ०७४।७५ को योजनाको धरौटी रकम र फरफारक रकम फिर्ता गर्ने निर्णय गरियो । | |
| ११ | विद्यालयमा हार्डवेयर,भौतिक पूर्बाधार निर्माण तथा मर्मत तर्फको बजेट फुकुवा सम्बन्धमा । | विद्यालयमा हार्डवेयर,भौतिक पूर्बाधार निर्माण तथा मर्मत तर्फको बजेट कार्यान्वयन भए नभएको सम्बन्धित वडा अध्यक्षलाई जिम्मा दिने र  फुकुवा गर्ने निर्णय गरियो । | |
| १२ | गाउँपालिकाको आ व ०७५।७६ को वार्षिक खरिद योजना सम्बन्धमा । | गाउँपालिकामा आवश्यक पर्ने विभिन्न सामाग्री खरिद प्रतिवेदन पेश भयो र आवश्यकता अनुसार तथा बजेटको सिलिङमा रहि कानुन बमोजिम खरिद गर्ने । खरिद प्रतिवेदनलाई आवश्यक परिमार्जन सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो । | |
| १३ | प्रदेश सरकारबाट सानीभेरी गाउँपालिकालाई प्राप्त योजना | प्रदेश सरकारबाट सानीभेरी गाउँपालिकालाई प्राप्त योजना ठोस भइ आएको बजेट वडाले | |

| | | | |
|---|---|---|---|
| | सम्बन्धमा | कार्यान्वयन गर्ने र ठोस भइ नसकेको बजेट लाघ सर्बजित घर्तीको संयोजकत्वमा अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा लैजाने र आगामी बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो । | |
| १४ | यातायात गुरुयोजना,एक वडा एक सडक,एकिकृत शहरी विकास गुरुयोजना डि पी आर सम्बन्धमा । | यातायात गुरुयोजना,एक वडा एक सडकतथा तीन स्थानमा एकिकृत शहरी विकास गुरुयोजना डि पी आर तयार गर्ने निर्णय गरियो । | |
| १५ | मध्यपहाडि लोकमार्ग अन्तर्गत हासिबाङ चौरजहारी खण्डमा काम गर्ने ठेकेदार कम्पनिले गरेको काम मापदण्ड अनुसार भएनभएको सम्बन्धमा । | मध्यपहाडि लोकमार्ग अन्तर्गत हासिबाङ चौरजहारी खण्डमा काम गर्ने ठेकेदार कम्पनिले गरेको काम मापदण्ड अनुसार भएनभएको दिवा चन्द्रा एण्ड बशन्त कन्ट्रक्सन प्रालि लाई सात दिने माद राखि स्पष्टिकरण लिने निर्णय गरियो । | |
| १६ | स्थायी दरबन्दीको करारमा रहेका कर्मचारीहरुलाई कानुन बमोजिम भत्ता दिने सम्बन्धमा । | स्थायी दरबन्दीको करारमा रहेका कर्मचारीहरुलाई कानुन बमोजिम दुर्गम भत्ता दिने निर्णय गरियो । | |
| १७ | भारतिय राजदुताबासमा योजना मागलाई सिफारिस दिने सम्बन्धमा । | भारतिय राजदुताबासमा कानुन बमोजिम योजना मागलाई सिफारिस दिने निर्णय गरियो | |
| १८ | सामाजिक सुरक्षा भत्ता वितरण प्रोफाईल बनाउने सम्बन्धमा । | सामाजिक सुरक्षा भत्ता यहि भाद्र २० गते सम्म वितरण गरि सक्ने निर्णय गरियो । | |
| १९ | गाउँपालिकामा लेखा समिति गठन सम्बन्धमा । | लेखा समितिको गठन प्रकृयालाई आगामी कार्यपालिका बैठकमा अघि बढाउने निर्णय गरियो । | |
| २० | विधायन समितिले कार्यपालिकामा कानुन पेश सम्बन्धमा । | व्यवसाय दर्ता नविकरण कार्यविधि,मदिरा नियन्त्रण सम्बन्धिको निर्देशिका,विपद व्यव्थापन कार्यविधि,उर्जा विकास | |

| | | | |
|---|---|---|---|
| | | कार्यविधि,गाउँकार्यपालिकाबाट पास गर्ने निर्णय गरियो । | |
| २१ | गाउँपालिकामा मदिरा नियन्त्रण सम्बन्धमा । | मदिरा नियन्त्रण सम्बन्धिको निर्देशिका कार्यान्यन गरी प्रकृया अघि बढाउने निर्णय गरियो । | |
| २२ | रुकुमेली समाज विकास केन्द्रको मन्वय र कार्यशैलीको समिक्षा सम्बन्धामा । | रुकुमेली समाज विकास केन्द्रको मन्वय र कार्यशैलीको समिक्षा र आवश्यक छलफल अघि बढाउन इन्दिरा ओलीको संयोजकत्वमा ३ सदस्यिय कार्यदल गठन गर्ने निर्णय गरियो । | |
| २३ | गाउँसभा,कार्यपालिका बैठक भत्ता,खाना खर्च,भ्रमण भत्ता र टि ओ सम्बन्धमा । | गाउँसभा,कार्यपालिका बैठक भत्ता,खाना खर्च,भ्रमण भत्ता र टि ओ कानुन बमोजिम गर्ने निर्णय गरियो । | |
| २४ | कृषिजन्य बस्तु संकलन र निर्यात सम्बन्धमा । | कृषिजन्य बस्तु संकलन र निर्यातको जिम्मा सानिभेरी जनप्रवाह कृषि सहकारी संस्थालाई दिने निर्णय गरियो । | |
| २५ | विविध | • यहि असोज १३ गते गरिने एक्सरे र ल्याव उद्घाटन गर्न विर्ख बहादुर विष्टको संयोकत्वमा ४ सदस्यिय तयारी समिति गठन गरी आवश्यक कार्य अघि बढाउने ।<br>• तुरुन्तै औषधि खरिद गर्ने ।<br>• वडा नं ३ को खानेपानी योजना संघीय सरकारलाई माग गर्ने ।<br>• मेलमिलाप कार्यविधि निर्माण गर्ने ।<br>• स्थानिय स्तरको अनुकुलन योजना LAPA निर्माण गरी गाउँपालिका कर्यालयमा स्वीकृत गरि जिल्ला सम्न्वयमा पेश गर्ने भएकाले गाउँपालिकामा स्वीकृत गरी जिल्ला समन्वयमा सिफारिस गर्ने । | |

| | | | |
|---|---|---|---|
| | | • बहुक्षेत्रिय पोषण योजना स्वीकृत गर्ने ।<br>• गाउँपालिका अध्यक्ष नरबहादुर पुनको संयोजकत्वमा घ वर्गको व्यवसायी इजाजत २०७४ अनसार इजाजत दिन समिति गठन गर्ने ।<br>• गाउँपालिका भित्रका विभिन्न कार्यक्रममा चिया नास्ता,खाना गाडीको व्यवस्था गर्न कोट्शन आह्वान गर्ने । | |